कञ्चन गाउँपालिका
Kanchan Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
Office Of The Rural Municipal Executive
कञ्चन–२, रुपन्देही
Kanchan-2, Rupandehi

लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

पत्र संख्या / Ref No :- ०८२।८३
चलानी नं. / Dispatch No.:- —

## सूचना

यस गाउँपालिका क्षेत्रभित्र कृषिजन्य अवशेष (पराल, छवाली, गहुँ/धानको भुस आदि) खुला रुपमा जलाउने प्रचलनका कारण वातावरणीय प्रदूषण वृद्धि हुनुका साथै मानव स्वास्थ्यमा गम्भीर असर, वन-जंगल तथा बस्तीमा आगलागीको उच्च जोखिम सिर्जना हुने, माटोको उर्वराशक्ति ह्रास हुने तथा जैविक विविधतामा नकारात्मक प्रभाव पर्ने भएकाले यस्तो कार्यलाई पूर्णरूपमा निषेध गरिएको बेहोरा सम्वन्धित सबैको जानकारीको लागि अनुरोध छ । साथै देहाय बमोजिम गर्नु गराउनुहुन समेत अनुरोध गरिन्छ ।

देहायः

१. कुनै पनि व्यक्ति, किसान वा समूहले खेतबारी, सार्वजनिक स्थल, वन क्षेत्र वा घरआँगनमा पराल/छवाली जलाउने कार्य नगर्नु/नगराउनु,
२. कृषिजन्य अवशेषलाई वातावरणमैत्री रूपमा व्यवस्थापन गर्न कम्पोस्ट मल उत्पादन, पशुचारा, बायोग्यास उत्पादन, मल्चिङ लगायतका वैकल्पिक विधिहरू अपनाउनु हुन,
३. यस सूचनाको उल्लङ्घन गरी खुला रुपमा आगो लगाएको पाइएमा प्रचलित कानून बमोजिम जरिवाना तथा अन्य कारबाही गरिने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ। साथै यस्ता गतिविधि भए गरेको पाइएमा नजिकको वडा कार्यालय, प्रहरी कार्यालय वा सम्बन्धित निकायमा तुरुन्त जानकारी गराउनु अनुरोध गरिन्छ।

मितिः२०८३/०१/०३
ने.सं.११४६, चौलागा, चतुर्दशी।

०८२।१।३

(माधव प्रसाद पोखेल)
प्रमुख प्रशासकीय अधिकृत

माधव प्रसाद पोखेल
प्रमुख प्रशासकीय अधिकृत